DRAFT

# माध्यमिक शिक्षा परीक्षा

## अनिवार्य नेपाली

**समय : २:१५** **पूर्णाङ्क : ७५**

**१ तल समूह 'क' मा दिइएका शब्दका अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| क | ख |
|---|---|
| स्मृति | अलपत्र |
| असरल्ल | टुकी |
| शैल | मन |
| दिल | चक्मन्ना |
| | सम्झना |
| | पहाड |

**२ कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :** २

(क) 'दुर्गम' को विपरीतार्थी शब्द ........... हो । (ठाउँ, सुगम, पहाड)

(ख) 'पृथ्वी' को पर्यायवाची शब्द ............होइन । (अवनि, धर्ती, आकास)

(ग) 'लम्पट' ......... शब्द हो । (अनेकार्थी, लघुतावाची, पर्यायवाची)

(घ) ............. श्रुतिसम भिन्ननार्थी शब्द हुन (गाउँ-ठाउँ, जन्म-मृत्यु, दिन-दीन)

**३ अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** २

अवमूल्यन, हंसले ठाउँ छोड्नु

**४ (क) तलका शब्दमध्ये शुद्ध शब्द चिनेर लेख्नुहोस् :** १

(अ) (i) सशक्त (ii) शसक्त (iii) सषक्त (iv) षशक्त

(आ) (i) चिरन्जीवी (ii) चिरङ्जीवी (iii) चिरम्जीवी (iv) चिरञ्जीवी

**(ख) तलका वाक्यलाई शुद्धपारी लेख्नुहोस् :** २

शोभाले गहभरी आँसु पारेर भनिन्, दाजु सँग एक वचन नसोधिकन जाने ?

**५ रेखाङ्कित शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

गुणस्तरीय वस्तु उत्पादन गरेर पनि साना उत्पादनहरू घाटामा जान्छन् । यसले अन्ततः स्थानीय मौलिक र बहु उपयोगी उत्पादनलाई विस्थापित गर्छ ।

**६ (क) तलको गद्यांशबाट उपसर्ग र प्रत्यय लागेका दुई दुई ओटा शब्द पहिचान गरी लेख्नुहोस् :** २

विज्ञान र प्रविधिको विकासले मानव जीवन सहज भएको छ । भौतिक सुखको उन्मादले मानिसभित्र मानवता हराउँदै गएको छ ।

**(ख) समास भए विग्रह र विग्रह भए समास गर्नुहोस् :** १

मतदानको अधिकार, दाजुभाइ

**७ कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले वाक्य पुरा गर्नुहोस् :** २

(क) लाल विद्यालय................ । (जा : पूर्ण वर्तमान)

(ख) हामी राष्ट्र निर्माणमा ............। (लाग् : सामान्य भविष्यत्)

(ग) नेपाली युवाले स्वदेशमै रोजगारी ....... । (पाउ : सम्भावनार्थक)

(घ) लोकतन्त्रको संस्थागत विकास .......... । (हु : इच्छार्थक)

**८ कोष्ठकमा दिइएको निर्देशन अनुसार वाक्य परिवर्तन गर्नुहोस् : ४**

(क) शारदाले पाथीभराको दर्शन गरिन् । (कर्मवाच्य)

(ख) भाइ सधैँ गृहकार्य गर्छ । (प्रेरणार्थक)

(ग) मेरी सानी छोरी छमछम नाच्छे । (पुलिङ्ग)

(घ) हिउँद लागेपछि घाम प्यारो हुन्छ । (मिश्रवाक्य)

**९ तिन ओटा अज्ञात पक्षको क्रियापदको प्रयोग गरी तिन वाक्यमा आफ्नो साथीको बयान गर्नुहोस्: ३**

**१० तल दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : ५**

नेपाल संस्कृतिक दृष्टिले अत्यन्त समृद्ध छ । नेपालको संस्कृति भनेको विविधताको संस्कृति हो । नेपालमा वेद, पुराण आदि संस्कृत वाङ्मयको अनुसरण गर्ने संस्कृति छ । संस्कृत वाङ्मयको अनुसरण गर्ने हिन्दु संस्कृति संसारका विविध संस्कृति मध्येको एक हो । त्यस्तै नेपाल गौतम बुद्धको जन्मभूमि हो र संसारमा लोकप्रिय रहेको बौद्ध संस्कृतिको उद्‌गमस्थल पनि नेपाल नै हो । त्यस्तै नेपाल श्रममा आधारित र प्रकृतिलाई पूजा गर्ने आफ्नै प्रकारको मौलिक संस्कृति पनि छ । नेपाल बहु जातीय, बहु धार्मिक, बहु भाषी देश हो । यसैले यो देश बहु सांस्कृतिक देश पनि हो । तसर्थ नेपालीको राष्ट्रिय संस्कृति भनेको विविधताको संस्कृति हो ।

प्रश्नहरू :

(क) नेपालमा कस्तो प्रकारको मौलिक संस्कृति छ ?

(ख) संस्कृत भाषा नभएको भए हामीसँग के कस्ता कुरा हुँदैनथे ?

(ग) रेखाङ्कित शब्दहरूका कारक र विभक्ति लेख्नुहोस् ?

(घ) गद्यांशको पाँचौं वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् ?

(ङ) 'उद्‌गम' र 'देश' शब्दको पर्यायबाची शब्द लेखी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ?

**११ तलको गद्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : ५**

पछिल्लो जनगणना अनुसार नेपालमा १२३ ओटा भाषा बोलिन्छन् । यी भाषाहरू भोटबर्मेली, भारोपेली, आग्नेय र द्रविण परिवारमा बाँडिएका छन् । यी भाषाहरूमध्ये केही भाषाका एक लाखभन्दा बढी वक्ता छन् र यी भाषाहरू शिक्षा र सञ्चार माध्यममा प्रवेश गरिसकेका छन् । अरू अधिकांश भाषाका १० हजारभन्दा कम वक्ता छन् र ती लोपोन्मुख अवस्थामा छन् । केही भाषाहरू जस्तै : पोइङ, छुक्वा आदि जस्ता भाषाहरू लोप भएको पनि धेरै भएको छैन । दुरा, कुसुन्डा, तिलुङ जस्ता भाषाहरूका वक्ता त एक दुईजना मात्र छन् । संसारमै छ हजारको हाराहारीमा बोलिने भाषामध्ये हरेक हप्ता एउटा भाषा मर्ने गरेको अनुमान गरिएको छ । यसले पनि सङ्केत गर्दछ कि नेपालका केही भाषाहरू लोप हुने लाममा लामबद्ध भइसकेका छन् । भाषा मानिसको अमूल्य सम्पत्ति हो । भाषामै मानिसका अनुभव, विचार, संस्कृति, पहिचान आदि सुरक्षित हुन्छन् । त्यसैले भाषा लोप भएमा संस्कृति र पहिचान पनि हराएर जान्छन् । भाषा सँगसँगै स्थानीयता, लोकगाथा र लोकपरम्परा जस्ता कुराहरू पनि हराएर जान्छन् । त्यसैले संयुक्त राष्ट्र सङ्घले भाषालाई मानवताको अमूल्य सम्पदा मानेको छ । यसको संरक्षण र सम्बर्धन गर्नुपर्ने कुरामा जोड दिएको छ । हामीले पनि हाम्रा भाषाको संरक्षण सम्बर्धन र विकास गर्नु आवश्यक छ । हामीले आफ्नो मातृ भाषा बोल्दा हीनताबोध होइन, गर्व गर्नुपर्दछ ।

प्रश्नहरू :

(क) नेपालमा कुन कुन भाषा परिवारका भाषा बोलिन्छन् ?

DRAFT

(ख) नेपालमा बेलिने भाषाको सङ्ख्या कति छ ?

(ग) कुन कुन भाषाका वक्ताहरू एक दुईजना मात्र छन् ?

(घ) संयुक्त राष्ट्र सङ्घले भाषालाई के मानेको छ ?

(ङ) हामीले भाषाको संरक्षण किन गर्नु आवश्यक छ ?

**१२ तलको गद्यांश पढी चारओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् : २+३=५**

मानिस, वस्तु, पुँजी, विचार, प्रविधि, संस्कृति कुनै निश्चित ठाउँ र देशको सीमा नाघेर विश्वभर फैलने अवस्था नै विश्वव्यापीकरण हो । विश्वव्यापीकरणमा संसारका कुनै पनि मानिसका सिर्जना, विचार र नयाँ प्रविधिले सजिलै संसारभरि फैलिने मौका पाउँछन् । यसमा मानिस कुनै एउटा देशको नागरिक मात्र होइन, पृथ्वीकै एउटा सदस्य बन्छ र त्यसबाट लाभ लिन सकिन्छ । विश्वव्यापीकरणकै कारण अहिले संसार भरिका मानिसले सूचना र प्रविधिको लाभ लिन पाएका छन् । सूचना र प्रविधिको विश्वव्यापीकरणले गर्दा संसारभरिका घटना, ठाउँ, जाति र संस्कृतिबारे थाहा पाउन सकिएको छ । साथै इमेल, इहेल्थ, इलाइब्रेरी, इलर्निङ, इमार्केटिङ आदि जस्ता सुविधाहरू पाइएको छ । मानिसलाई चाहिने वस्तु, ज्ञान, विज्ञान, प्रविधि, पुँजी श्रम आदि सबै ठाउँमा समान रूपमा पाइँदैन । आजका मानिसका असीमित इच्छा र आवश्यकताहरूको परिपूर्ति एउटै ठाउँ र एउटै देशबाट सम्भव छैन । काम गर्ने ठाउँमा काम गर्ने मानिस हुँदैनन् । कहीँ मानिसहरू हुन्छन्, काम हुँदैन र बेरोजगार बस्नुपर्ने हुन्छ। विश्वव्यापीकरणसँगै यी समस्याहरू समाधान हुँदैछन् ।

**१३ <u>तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस्</u> : ४**

(क) तल दिइएका बुँदाहरूका आधारमा कथा तयार पार्नुहोस् र उपयुक्त शीर्षक पनि दिनुहोस् :

कुनै गाउँमा एक जना व्यापारी हुनु - उसले अन्नको व्यापार गर्नु - उसले गाउँलेहरूसँग धान, गहुँ, मकै आदि किन्नु - व्यापारी छट्टु स्वाभावको हुनु - व्यापारीले एकै पटक धेरै नाफा कमाउने सोच बनाउनु - गाउँमा केही समयपछि अनिकाल पर्नु - व्यापारीले अन्त्यमा ढुङ्गा र माटो मिसाएर बेच्न थाल्नु - गाउँलेले व्यापारीको बदमासी थाहा पाउनु - उसलाई सबैले सम्झाउनु - व्यापारीले भने अटेर गरी पहिलै झैँ अन्नमा मिसावट गरी बेच्नु - गाउँलेले उसलाई चेतावनीसहित जरिवाना गराउनु - व्यापारीले आफूले गरेको कुकृत्यले गर्दा दण्ड भोग्नु र पश्चाताप गर्नु ।

(ख) कमलामाई पुस्तक भण्डार, सिन्धुली माडीले नेपाली साहित्यका केही पुस्तकहरू पठाइदिन अनुरोध गर्दै साझा प्रकाशनलाई लेख्ने पत्रको नमुना तयार पार्नुहोस् ।

**१४ कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् : ४**

(क) प्रत्येक भुँडी मिलेर देश वा समाजको विशाल भुँडी बन्छ र विशाल पनि जुट्दा भुँडीको विराट रूप बोध हुन्छ ।

(ख) माटो ढुङ्गा पन्छाएर
पानीको भेल तह लगाएर
फेरि देखिन सक्छु ।

**१५ तलका कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २x४=८**

**(क) <u>तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्</u> :**

कोट र माउजङ बाबुसाहेव एक अर्काका पर्याय नै थिए । कुनै पनि नाचमा, सभामा, भोज भतेरमा, मारपिट, त्रास, आतङ्क आदि सारामा त्यही गहिरो मास रङको बेन्सनको लामो ओभरकोट लगाउँथे ।

कोटले कहिलेदेखि माउजङ बाबुसाहेबको प्रतिनिधित्व गर्न थालेको हो त्यो कुरा एउटा खोजको विषय थियो ।

(अ) माउजङ बाबुसाहेबले लगाउने कोट कस्तो थियो र त्यो कोट उनी कहाँ कहाँ जाँदा लगाउने गर्थे ?

(आ) 'कोट र माउजङ बाबुसाहेब एक अर्काका पर्याय नै थिए' भन्नुको तात्पर्य के हो ?

**(ख) तलको कवितांश पढी सोधिएको प्रश्नहरूको उत्तर दिनुहोस् :**

नखाई सञ्चित गर्ने लोभीको चैन छैन रे !
खाएर नगरे काम अर्को पापी हुँदैन रे !
अर्काको भाग खोसेमा, डाँका अर्को हुदैन रे !
आफ्नो भर परे आफैँ लाञ्छनाले छुँदैन रे !

(अ) कवितांशमा मानिसका के कस्ता प्रवृत्तिको उल्लेख गरिएको छ ?

(आ) माथिको कवितांशको मूल भाव के हो ?

**(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

नेपालमा रहेका जाति, समुदायका आफ्ना मौलिक सिप, प्रविधि र उत्पादन छन् । हामीसँग धातु, काठ, बाँस, माटो, पात, कपास आदिका सामान बनाउने आफ्नै प्रकारको सिप र प्रविधि थियो र अझै छ । हाम्रो आफ्नै मौलिकतामा राडी, पाखी, गलैँचा, कागज, कपडा, भाँडाकुँडा, मूर्ति आदिको उत्पादन हुने गरेको पाइन्छ । विश्वव्यापीकरणको बढ्दो प्रभावसँगै आयातित उत्पादनको बढ्दो प्रयोगले हाम्रा मौलिक उत्पादनहरू सङ्कटमा पर्दै गएका छन् । यसैले हामीले हाम्रा मौलिक उत्पादनलाई प्रवर्धन गर्नु आवश्यक छ । थाङ्का हामीले प्रवर्धन गर्नै पर्ने त्यस्तै मौलिक उत्पादन हो ।

प्रश्नहरू :

अ) नेपालमा के कस्ता सिप र प्रविधि छन् ?

आ) हाम्रा मौलिक उत्पादनहरू सङ्कटमा पर्नुका कारण के के हुन सक्छन् ?

**१६ लालकी आमाले सिपाही दाइले पूजा सामग्री ल्याउँछन् भनेर लाललाई झुक्याउन खोज्नु उचित थियो वा थिएन ? तर्क दिनुहोस् । ५**

**१७ कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस् : ८**

(क) 'प्रत्यागमन' कथाको तल दिइएको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :

अब शोभाले रामुको सुश्रूषा आफ्ना हातमा लिइन् । बाकसबाट धोएका लुगाहरू झिकेर रामुका लुगा फेरिदिइन् । ओछ्यानमा पनि धोएका तन्ना, खोलहरू हालिदिइन् । धोवी बोलाएर मैला लुगाहरू धुन दिइन् । कोठामा दिनको दुईपटक बढारकुँढार हुन थाल्यो । कोपरा र फिक्दानीहरू रोजै माझिन लागे । कोठामा दुई टाइम धूप सल्काइदिन्थिन । औषधी र पथ्य टाइममा पर्न थाले । दिनरात रामुका सिरानीनेर बसेर रुमालले हम्किरहन्थिन् । आफ्नो दैनिक जीवनमा यति ठूलो परिवर्तन आएको देखेर रामु अपार आनन्दमा निमग्न भैराखेका थिए ।

प्रश्न :

अ) माथिको कथांशको आधारमा शोभाको चारित्रिक विशेषताहरूबारे चर्चा गर्नुहोस् ।

(ख) तलको जीवनीको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :

रुइतले तिलगङ्गा आँखा अस्पतालको स्थापना र 'रुइतेक्टोभी' को आविष्कार गर्नुभन्दा पहिले नेपालमा कुल जनसङ्ख्याको करिब ०.८ प्रतिशत मानिसमा दृष्टिविहीनताको समस्या थियो भने अहिले ०.४ प्रतिशतमा झरेको छ। नेपालले आँखा उपचारको पहुँच ठाउँठाउँमा पुऱ्याएको छ भने आँखा स्वस्थ राख्न जनचेतना फैलाउने काम पनि

भएको छ । उनको टोलीले घुम्ती शिविरमार्फत देशका सुगमदेखि विकट ठाउँसम्म स्वास्थ्यसेवा प्रदान गर्दै आएको छ । जति बेला रुइत उनको टोलीले नयाँ प्रविधिको आविष्कार गरेर उपचार थालेको थियो त्यति बेला कतिपयले यिनीहरूको माथा सट्केछ पनि भने । उनका नजिकका साथीहरूले पनि निकै आलोचना गरे तर पनि स्वदेशी तथा विदेशी डाक्टरहरूको सिर्जनशील दिमाग र हातका कारण रुइत सफल हुँदै गए । यस कार्यमा रुइतकी पत्नी नन्दा रुइतको पनि उत्तिकै योगदान छ । यी सबैको साथ र सहयोग पाएर नै रुइत विश्वका चर्चित र सफल डाक्टर बनेका हुन् ।

प्रश्न :

अ) माथिको अंश र पाठको आधारमा सन्दुक रुइतले चिकित्सा क्षेत्रमा पुऱ्याएको योगदान बारे प्रकाश पार्नुहोस् ।

**१८ तलका मध्ये कुनै एक शीर्षकमा २०० शब्द सम्मको निबन्ध लेख्नुहोस् :** **८**

क) नेपालमा पर्यटन व्यवसाय

ख) यातायात र सञ्चारको महत्त्व

ग) राष्ट्रप्रति मेरो कर्तव्य

DRAFT

# उत्तरकुञ्जिका
## अनिवार्य नेपाली

**पूर्णाङ्क- ७५** **समय :- २ घन्टा १५मिनेट**

प्र.नं. १

शब्दार्थ : दिइएका शब्दको सही जोडा मिलाएमा ०.५ का दरले अङ्क प्रदान गर्ने । २

| 'क' | 'ख' |
|---|---|
| स्मृति | सम्झना |
| असरल्ल | अलपत्र |
| शैली | पहाड |
| दिल | मन |

२ खाली ठाउँ भर्ने : कोष्ठकमा दिइएका शब्दहरूमध्ये मिल्ने शब्द छानेर खाली ठाउँ भरी वाक्य पुरा गरेमा ०.५ का दरको अङ्क प्रदान गर्ने । -२

क) 'दुर्गम'को विपरीतार्थी शब्द सुगम हो ।

ख) 'पृथ्वी'को पर्यायवाची शब्द आकाश होइन ।

ग) 'लम्पट' अनेकार्थी शब्द हो ।

घ) दिन-दीन श्रुतिसमभिन्नार्थी शब्द हुन् ।

३ वाक्यमा प्रयोग : अर्थ स्पष्ट हुने गरी दिइएका शब्द र टुक्कालाई वाक्यमा प्रयोग गरेमा प्रति वाक्य १ का दरले अङ्क प्रदान गर्ने ।

४ (क) शुद्ध शब्द छान्ने : निम्नानुसार शुद्ध शब्द छानी लेखेमा ०.५ का दरले अङ्क प्रदान गर्ने । १

अ) सशक्त

आ) चिरञ्जीवी

(ख) प्रति अशुद्धि सच्याए वापत ०.५ का दरले ३ अङ्क प्रदान गर्ने ।

शुद्धरूप : शोभाले गहभरि आँशु पारेर भनिन् "दाजुसँग एकवचन नसोधिकन जाने ?"

५ पदवर्ग/शब्दवर्ग : रेखाङ्कित शब्दहरूहरूको पदवर्ग छुट्याई शुद्धसँग लेखेमा प्रत्येकलाई ०.५ का दरले अङ्क प्रदान गर्ने । ३

| | | |
|---|---|---|
| उत्पादन | = | नाम |
| गरेर | = | क्रियाविशेषण |
| जान्छन् | = | क्रियापद |
| यसले | = | सर्वनाम |
| स्थानीय | = | विशेषण |
| र | = | संयोजक |

६. शब्द निर्माण :

(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका २ र प्रत्यय लागेका दुई (२) शब्द पहिचान गरी लेखेमा ०.५ का दरले २ अङ्क प्रदान गर्ने :

उपसर्ग लागि बनेको शब्द : विज्ञान, प्रविधि

प्रत्यय लागि बनेका शब्द : भौतिक, मानवता

(द्रष्टव्य: दिइएको अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागि बनेका अन्य शब्द लेखेमा पनि अङ्क दिनुपर्नेछ ।)

(ख) समास वा विग्रह गरी लेखिएका प्रत्येक शुद्ध रूपलाई ०.५ का दरले १ अङ्क प्रदान गर्ने :

मतदानको अधिकार = मताधिकार

दाजु र भाइ = दाजुभाइ

७ वाक्य पुरा गर्ने : धातु र सङ्केतका सहायताले दिइएका वाक्य पुरा गरेमा ०.५ का दरले अङ्क प्रदान गर्ने ।

क) लाल विद्यालय गएको छ ।

ख) हामी राष्ट्रनिर्माणमा लाग्नेछौँ ।

ग) नेपाली युवाले स्वदेशमै रोजगारी पाउलान् ।

घ) लोकतन्त्रको संस्थागत विकास होओस् ।

८ वाक्य परिवर्तन : निर्देशन अनुसार तलका वाक्य परिवर्तन गरेमा प्रतिवाक्य १ का दरले अङ्क प्रदान गर्ने ।

क) शारदाद्वारा पाथीभराको दर्शन गरियो ।

ख) आमा भाइलाइ सधै गृहकार्य गराउनु हुन्छ ।
(प्रेरक कर्ता अन्य पनि हुन सक्ने)

ग) मेरो सानो छोरो छमछम नाच्छ ।

घ) जब हिउँद लाग्छ तब घाम प्यारो हुन्छ ।

९ वर्णन गर्ने : अज्ञात पक्षका ३ ओटा क्रियापद राखी ३ वाक्यमा साथीको बयान गरेमा प्रति वाक्य १ का दरले बढीमा तिन अङ्क प्रदान गर्ने । ३

१० बोध प्रश्नोत्तर : दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उपयुक्त उत्तर दिएमा प्रत्येकलाई १ का दरले बढीमा पाँच अङ्क प्रदान गर्ने । ५

११ बोध प्रश्नोत्तर : दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उपयुक्त उत्तर दिएमा प्रत्येकलाई १ का दरले बढीमा पाँच अङ्क प्रदान गर्ने । ५

१२ बुँदा टिपोट र सारांश लेखन :

दिइएको गद्यांशबाट मुख्य मुख्य कुरा नछुटाई गरिएका चारओटा बुँदाका लागि ०.५ का दरले दुई अङ्क र गद्यांशको मुख्य कुरा समेटी ढाँचा मिलाएर एक तृतीयांस हुने गरी दिइएको गद्यांशको सारांश लेखेमा भाषिक पक्षमा विचार गरी ३ अङ्क प्रदान गर्ने ।

१३ कथा वा चिठी लेखन :४

क) कथाको मूल्याङ्कनका आधारहरू :

अ) विषयवस्तुको संयोजन, मौलिकता र शीर्षक -२

आ) वाक्यगठन र प्रस्तुतीकरण (कथाको पूर्णता) -१

इ) भाषिक शुद्धता (वर्णविन्यास, वाक्यगठन आदि) -१

ख) व्यावसायिक पत्र/चिठी

चिठीको मूल्याङ्कनका आधारहरू :

अ) प्रस्तुति (सम्बोधन, मिति, नाम, ठेगाना र खामको नमुना) -१

आ) सम्वन्धित विषयवस्तुको संयोजन र पुस्ट्याई -२

इ) भाषिक शुद्धता (वर्णविन्यास, वाक्यगठन आदि) -१



DRAFT

१४ सप्रसङ्ग व्याख्या :

सप्रसङ्ग व्याख्याको मूल्याङ्नमा निम्न लिखित कुराहरूमा ध्यान दिने :

क) प्रसङग (लेखकको नाम, पाठको शीर्षक विधा र पाठगत सन्दर्भ) -१

ख) व्याख्या (विषयबोध र प्रस्तुती) -२

ग) भाषाशैली र शुद्धता -१

क) जयभुँडी (निबन्ध)

- हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालद्वारा लेखिएको जयभुडी निबन्धबाट साभार गरिएको गद्यांश,
- भुँडीको महात्म्यबारे चर्चा गरिएको हास्यव्यङ्ग्य निबन्ध
- प्रत्येक मानव भुँडीको मिलनबाटै देश वा समाजको विशाल भुँडी बन्ने यथार्थको व्यङ्ग्यात्मक प्रस्तुती
- मानिसको खन्चुवा प्रवृतिमाथि व्यङग्य
- आफू मात्रै खाने प्रवृत्तिले समाज वा राष्ट्र कमजोर हुने सत्यको उद्घाटन ।

ख) म सडक बोल्दैछु (कविता)

- स्वच्छन्दतावादी प्रगतिवादी कवि/कवयित्री पारीजातद्वारा रचिएको म सडक बोल्दैछु, कविताबाट साभार गरिएको पद्यांश
- सडक भए बाँचनुको नियति व्यक्त
- बाढीमा डुबेको र पहिरोले पुरिएको सडको वास्तविक चित्र प्रस्तुत
- माटो र ढुङ्गा पन्छाए र पानीको भेल व्यवस्थित गरे सडकले सदाभैँ मानवसेवा प्रदान गर्ने
- दुःखमा पनि आशाको सञ्चार हुनुपर्ने भाव व्यक्त ।

१५ पठन बोध प्रश्नोत्तर :

पठन बोध प्रश्नोत्तरको मूल्याङ्कन निम्नानुसार गर्ने :

- विषयवस्तुको बोध र सङ्क्षिप्तता -१
- भावशैली र भाषिक शुद्धता -१

क) माउजङ बाबुसाहेवको कोट (कथा)

अ)

- माउजङ बाबुसाहेवले लगाउने कोट मास रङको हुनु
- उक्त कोट उनले नाच,गानमा, सभा समारोहमा, भोज भतेरमा, मारपिटमा, त्रास आतङ्क आदिमा लगाउने गर्नु ।

आ)

- माउजङ बाबुसाहेव तात्कालीन सामन्त हुनु
- उनले लगाउने कोट तत्कालीन उच्चवर्गीय व्यक्तिहरूको प्रवृत्तिको प्रतीक
- राणाशासनको अन्त्य भए पनि त्यसलाई स्विकार्न नसक्ने माउजङ बाबुसाहेव जस्ता व्यक्ति समाजमा हुनु
- कोट च्यातिए पनि त्यसको मोह यथावत हुनु नै कोट र माउजङ बाबुसाहेव एक अर्काका पर्याय सावित हुनु ।

ख) सन्तुष्टि (कविता)

अ)

- नखाई जोगाउने, लोभी, अर्काको खाएर काम नगर्ने, पापी अर्काको भाग खोसेर खाने खराव प्रवृत्तिको उल्लेख गरिएको ।
- आफ्नो भरमा बाँच्ने स्वाभिमानी व्यक्तिलाई कुनै लाञ्छना नलाग्ने उल्लेख ।

आ)

- भोग नगरी धनको सञ्चय गर्नु नहुने,
- लुब्धतामा सुख नहुने,
- कर्तव्यबाट च्युत हुनु नहुने,
- अर्काको भाग खोसेर खानु नहुने,
- सदा स्वाभिमानी भएर बाँच्न पर्ने भाव व्यक्त ।

ग) थाङ्का (निबन्ध)

अ)

- नेपालमा धातु, काठ, बाँस, माटो, पात, कपास आदिको सामान बनाउने सिप र प्रविधि हुनु,
- काष्ठकला धातुकला आदिमा नेपाल प्रसिद्ध रहेको,
- राडी पाखी, गलैचा, कागज, कपडा, भाँडाकुँडा, मूर्ति, थाङ्का आदि मौलिक कला र सिपमा नेपाल विश्वमै प्रसिद्ध रहेको ।

आ)

- विश्वव्यापिकरणको बढदो प्रभाव सँगसँगै आयतित वस्तुको बढदो प्रयोगले हाम्रा मौलिक उत्पादनहरू सङ्कटमा परेका
- स्वदेशी भन्दा विदेशी उत्पादनलाई महत्त्व दिने प्रवृत्तिले गर्दा पनि स्वदेशी उत्पादनहरू छायामा परेका
- कतिपय स्वदेशी उद्योगहरू बन्द हुनाले पनि विदेशी वस्तुले प्रश्रय पाई स्वदेशी मौलिक उत्पादनहरू सङ्कटमा परेका ।

१६ तार्किक प्रश्नको मूल्याङ्कन गर्दा निम्न लिखित पक्षमा ध्यान दिने :

| | | |
|---|---|---|
| क) | विषयवस्तुको बोध र प्रस्तुतीकरण | -१ |
| ख) | सिर्जनात्मकता/कल्पनाशीलता /तार्किकता | -२ |
| ग) | भाषिक शुद्धता | -१ |

१७ विवेचनात्मक प्रश्नोत्तरको मूल्याङ्कनका आधारहरू निम्नानुसार छन् :

| | | |
|---|---|---|
| क) | लेखक /सम्पादकको परिचय र पृष्ठभूमि | -१ |
| ख) | विषयवस्तुको ज्ञान | -३ |
| ग) | विवेचनात्मक प्रस्तुति | -२ |
| घ) | शैली र मौलिकता | -१ |
| ङ) | भाषिक शुद्धता | -१ |

क) <u>प्रत्यागमन (कथा)</u> :

- आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार गुरु प्रसाद मैनाली (१९५७–२०२८) द्वारा लिखित प्रत्यागमन एक सामाजिक कथा
- प्रेम,घृणा, पारिवारिक आदर्श र मेलजुललाई चित्रण गर्न सफल कथा



DRAFT

- कथाका अनेक पात्र मध्ये शोभा कथाको प्रमुख नारी चरित्र
- आफ्नो पति, सन्तान र देवर रामुप्रति कर्तव्य पूरा गर्ने असल एवं दयालु नारी
- एक कुशल गृहिणी र स्नेही भाउजू
- सानैमा मातृविहीन भएको रामुलाई पुत्र सरह स्नेह गरी हुर्काउने सत् पात्र
- रामुलाई माया गरेर हुर्काई उच्च शिक्षा दिएर योग्य नागरिक बनाउन अहम् भूमिका खेल्ने पात्र
- पत्नीद्वारा उपेक्षित बिरामी परेर एक्लै दुःखमा परेको रामुलाई उसको कोठामा गई स्याहार सुसार र हेरविचार राम्ररी गरेर उसको मन जित्न सफल नारी
- निस्वार्थ प्रेमले मानिसलाई परिवर्तन गर्न सकिन्छ भन्ने कुरालाई पुष्टि गर्ने चरित्र
- बिग्रन लागेको दाजुभाइको सम्बन्ध र पारिवारिक आदर्शलाई जोगाउन सफल नारी चरित्र ।

ख) <u>सन्दुक रूइत (जीवनी)</u>

- पाठ्यपुस्तकका लेखक/सम्पादकहरूबाट लेखिएको जीवनी
- सन्दुक रूइत नेपालका एक वरिष्ठ नेत्र रोग विशेषज्ञका रूपमा सुपरिचित व्यक्ति हुनु
- नेपालमा एक सुविधा सम्पन्न आँखा उपचार केन्द्रको स्थापना गर्ने सङ्कल्प राखेर अघि बढनु
- रूइतकै अथक मिहिनेतबाट २०५१ सालमा तिलगङ्गा आँखा केन्द्रको स्थापना हुनु
- आँखा रोगसम्बन्धी विभिन्न खोज र अनुसन्धान गरी इन्ट्राओकुर लेन्स बनाई आँखाको उपचार गर्ने नयाँ पद्धति पत्ता लगाउनु
- करिव तिन दशक लामो आफ्नो उपचार यात्रामा एक लाख भन्दा बढी मानिसको आँखाको सफल शल्यक्रिया गरी स्वास्थ्य सेवा प्रदान गर्नु
- विभिन्न विदेशी चिकित्सकहरूको साथ र सहयोग लिई आफ्नो उपचार पद्धति रुइतोक्टोभी लाई अन्तर्राष्ट्रियकरण गर्न सफल हुनु
- सरल ढङ्गले मोतीबिन्दुको शल्यक्रिया गर्ने प्रविधि संसार भरिका डाक्टरहरूलाई सिकाउनु
- आँखासम्बन्धी जनचेतना विस्तार गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरी दृष्टिविहीनताको समस्यामा कमी ल्याउनु
- घुम्ती टोली मार्फत देशका विभिन्न भू-भागमा आँखा शिविर सञ्चालन गरी नागरिकहरूलाई स्वास्थ्य सेवा प्रदान गर्नु
- पाँच मिनेटमै आँखा नदेख्नेलाई आँखा देखाउने डाक्टर भनेर संसार भरि चिनिनु
- चिकित्सा क्षेत्रमा विशेष योगदान दिए वापत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा विभिन्न पुरस्कार तथा पदकहरू प्राप्त गर्न सफल हुनु ।

१८ <u>निबन्ध लेखन</u> :

निबन्ध लेखनको मूल्याङ्कन निम्न लिखित आधारमा गर्ने :

| | | |
|---|---|---|
| क) | परिचय | -१ |
| ख) | विषयवस्तुको ज्ञान | -३ |
| ग) | प्रस्तुतीकरण, संयोजन र क्रमबद्धता | -१ |
| घ) | मौलिकता | -१ |
| ङ) | निष्कर्ष | -१ |
| च) | भाषिक शुद्धता | -१ |